COLUMBUS CITY SCHOOLS

**Office of Safety and Security**
889 E. 17th Ave
Columbus, Ohio 43211
Phone 614-365-5638
Fax 614-365-8785
www.columbus.k12.oh.us

*Mission: Each student is highly educated, prepared for leadership and service, and empowered for success as a citizen in a global community.*

फेब्रुअरी १५, २०२१

प्रिय कोलम्बस सिटी स्कूल्स परिवारहरू,

हाम्रो स्कूल भवनहरूमा पुन: स्वागत छ! तपाँईलाई थाहै छ, हाम्रो स्कूल भवनहरूको सुरक्षा गर्नु कोलम्बस सिटी स्कूल्स (सिसिएस) कालागी एउटा उच्च प्राथमिकता हो। हाम्रो सुरक्षित र सुरक्षा कार्यालय हाम्रा विद्यार्थीहरू र स्टाफलाई थप सुरक्षाकालागि नयाँ प्रविधि सुविधाहरू र उपकरणको अपग्रेड (सुधार)हरूमा निष्ठाकासाथ पहिचान गर्न र लगानी गर्न प्रतिबद्ध छ।

हामी यो घोषणा गर्न पाउँदा खुसी छौं किन कि हामीले हाम्रो आगन्तुक व्यवस्थापन प्रणालीलाई नयाँ प्लेटफर्ममा स्तरवृद्धि गरेका छौं। ऱ्याप्टर ६ (Raptor 6) पर्यटक व्यवस्थापनले स्कूल सुरक्षा प्रणालीमा हाम्रा सबै सिसिएसका स्कूल्समा पूर्वका लबीगार्ड प्रणालीलाई बदल्छ। यो नयाँ प्लेटफर्मले हाम्रो जिल्लालाई विस्तारित प्रयोगकर्ताको अनुभव, थप सुविधाहरू र जिल्ला-व्यापी दृश्यता र व्यवस्थापन क्षमता बृद्धि प्रदान गर्दछ। हामी यस अपग्रेडका बारेमा धेरै उत्साहित छौं र विश्वास गर्छौं कि तपाँईले नयाँ सुरक्षा वृद्धिसँग पनि खुशी हुनुहुनेछ।

**यसले कसरी काम गर्दछ?**

स्कूलको मुख्य कार्यालयमा जाँच गरिरहेका पर्यटकहरूले साइन-इन गर्न र परिचय पहिचान गर्न आवश्यक पर्दछ (जस्तै ड्राइभर लाईसिन् इजाजत पत्र वा राज्य पहिचान कार्ड)।ऱ्याप्टर ६ पर्यटक प्रबन्धन प्रणालीले आईडीको जानकारी स्क्यान गर्नेछ। आईडीको जानकारीले पंजीकृत यौन अपराधीहरूको एक राष्ट्रिय डेटाबेसको बिरूद्ध जाँच गरिनेछ र व्यक्तिलाई स्कूलमा प्रवेश गर्न वा स्कूलको सम्पत्ति बाहिर रहन चेतावनी जारी गरिनेछ। **यदि तपाँईसँग चालक इजाजतपत्र छैन भने कृपया अर्को मान्य फोटो आईडी ल्याउनुहोस् वा स्कूलमा आउनु अघि स्कूलको केन्द्रीय कार्यालयको स्टाफलाई सम्पर्क गर्नुहोस्।**

यदि कुनै मिल्दो फेला परेन भने एउटा आँफै-टाँस्सिने आगन्तुक-ब्याजले भवनमा सबै पाहुनाहरूलाई पहिचान गर्न तत्काल प्रिन्ट गर्नेछ। एक पटक अनुमोदित भएपछि -याप्टर ६  प्रणालीले भविष्यमा प्रयोगकालागि तपाँईको नाम र तस्वीर सम्झने छ। ब्याज नलिएका कुनै पनि आगन्तुकलाई स्कूलको मुख्य कार्यालयमा पुन: वापस सुरक्षित लगिनेछ।

यो याद गर्नु महत्त्वपूर्ण छ; यो नयाँ सुरक्षा सुविधाले हाम्रा स्कूल सचिवहरू, फ्रन्ट अफिस स्टाफहरू र भवन प्रिन्सिपलहरूको बहुमूल्य सुरक्षा पर्यवेक्षणलाई प्रतिस्थापन गर्दैन र त्यसले तपाँईका बच्चाको स्कूल भित्र को हुनु पर्छ र को हुनु हुँदैन भनेर राम्ररी जान्दछ।
म्रा स्कूलहरू सुरक्षित राख्न मद्दत पुऱ्याउन र विद्यालयको शिक्षा र विकासकालागि एउटा सकारात्मक वातावरणलाई प्रोत्साहित गर्न सहयोगी बनिदिनु भएकोमा हामी सराहना गर्छौं।
यदि तपाँईसँग केहि प्रश्नहरू छन् भने कृपया 614-365-8888 मा हाम्रो (Customer Relations) ग्राहक सम्बन्ध कार्यालयमा कल गर्नुहोस् वा जिल्लाको वेबसाइट www.ccsoh.us मा लगईन गर्नुहोस् र डिपार्मेन्ट्सको ट्याब अन्तर्गत सेफटि एण्ड सेक्युरिटि पृष्ठमा क्लिक गर्नुहोस्। तपाँईका बच्चाको स्कूलका कार्यालय कर्मचारीहरू पनि तपाँईलाई सहयोग गर्न सक्षम हुनेछन्।